चौतारा साँगाचोकगढी नगरपालिका
Chautara Sangachokgadhi Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
शिक्षा,युवा तथा खेलकुद शाखा
Education, Youth and Sports Section
चौतारा, सिन्धुपाल्चोक
Chautara, Sindhupalchok
बागमती प्रदेश,नेपाल
Bagmati Province,Nepal

पत्र सं(Letter No.): २०८२/२०८३
चलानी नं(Ref No.): ८२२

मितिः २०८३-०१-२२

विषयः रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्वन्धी सूचना ।

श्री जो जससँग सम्वन्धित छ ।

प्रस्तुत विषयमा यस चौतारा साँगाचोकगढी नगरपालिका,चौतारा-सिन्धुपाल्चोक अन्तर्गत सञ्चालित श्री चिलाउने आधारभूत विद्यालय चौतारा साँगाचोकगढी नगरपालिका-८ मा रिक्त रहेको प्राथमिक तह(तृतीय श्रेणी) को शिक्षक पदमा सरूवा प्रक्रिया अगाडि बढाइ दिनु भनी विद्यालयको च.नं. ६८ मिति २०८३/०१/२१ को पत्रवाट अनुरोध भई आएकोले सम्वन्धित तह र विषयका योग्यता पुगेका स्थायी शिक्षकहरूबाट यो सूचना प्रकाशित भएको मितिले पन्ध्र (१५) दिनभित्र शिक्षा नियमावलीको अनुसूचि १७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाईको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवा सम्वन्धी निर्देशिका २०८१ को दफा ९ बमोजिम सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

पुनश्चः
१. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदनमाथि कुनै कारबाही हुने छैन ।
२. थप जानकारीका लागि सम्पर्क नं. ईमेलःshreechilaunebasicschool86@gmail.com
३. प्रधानाध्यापकः ९८४०७८३३४०

पुरुषोत्तम घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

वोधार्थ
*श्री शिक्षा विकास तथा समन्वय इकाइ, चौतारा-सिन्धुपाल्चोक ।*
*श्री वडा शिक्षा समितिः चौतारा साँगाचोकगढी नगरपालिका-८ ।*
*श्री* चिलाउने आधारभूत विद्यालय *-चौतारा साँगाचोकगढी नगरपालिका-८ ।*
*श्री सूचना प्रविधि शाखाःचौतारा साँगाचोकगढी नगरपालिकाः सूचना अपलोड गरिदिनु हुन ।*



Scanned with CamScanner